गरुडा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल

प.सं.२०८१।०८२

मितिः- २०८१/१२/१२
प्रथम पटक प्रकाशित

## बिषयः व्यवसाय दर्ता गर्ने सम्बन्धी सूचना।

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस गरुडा नगरपालिका व्यवसाय दर्ता, नवीकरण तथा कर सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ को उपदफा(२) बमोजिम हालसम्म गरुडा नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारका उधोग, व्यापार, पेशा, वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले यो सूचना प्रकाशन भएको ३५ (पैतिस) दिनभित्र देहायका विवरण तथा कागजात संलगन राखी गरुडा नगपालिकाको कार्यलयमा निवेदन दिनु हुन सम्बधित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

देहाय :

(क) व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) प्रचलित कानून बमोजिम समन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि
(ग) गैर नेपाली नागरिकको हकमा सम्बन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपि
(घ) सम्बन्धित वडा कार्यलयको सिफारिस वा सरजमिन मुचुल्का
(ङ) व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यलयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात )
(च) सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो।

८१/१२/१२
प्रमुख प्रशासकीय अधिकृत
मो. मुस्ताक आलम

मुहम्मद मुस्ताक आलम
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner

## व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
गरुडा नगरपालिका गरुडा नगर कार्यपालिकाको कार्यालय गरुडा, रौतहट ।

**विषय : व्यवसाय दर्ता/नवीकरण सम्बन्धमा ।**

मैले/हामीले निम्न स्थानमा सञ्चालन गर्न लागेको व्यवसाय दर्ता गर्न/सञ्चालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै गरुडा नगरपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मञ्जुर छु/छौं ।

१. **व्यवसायीको नाम, थर :** .................................................................. (फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२. **व्यवसायीको स्थायी ठेगाना** ............... जिल्ला ............... गा.पा./न.पा. .............. वडा नं. ......... मार्ग .................... घर नं. ......
३. **व्यवसायीको बाबुको नाम, थर :** ..................................................
४. **व्यवसाय रहने स्थानको ठेगाना :** वडा नं. ..... मार्ग ......... घर नं. .....
५. **सम्पर्क फोन नं.** ............. मोबाईल नं. ............ इमेल :................
६. **भाडामा भएको भए व्यवसाय रहने घर र जग्गा धनीको नाम,** थर ..................................
७. **घर जग्गा धनीको ठेगाना** .................... वडा नं................ घर नं. .........................
८. **व्यवसायको विवरण/प्रकृति :** ..............................................................
९. **पूँजी लगानी रु.** ..................................
१०. **फर्म/कम्पनीको नाम :** .....................................
११. **परिचय पाटीको साइज :** (लम्बाई ............ चौडाई ....... बर्गफिट ......)
१२. **अन्यत्र दर्ता भएको भए, दर्ता नं.** .................. /कार्यालय : ..............
१३. **संलग्न कागजातहरु :**
    (क) आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाणपत्रको प्रतिलिपि-१ वा भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१,
    (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ वा विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१,
    (ग) व्यवसायीको हालसालैको पासपोर्ट साईजको फोटो २ प्रति,
    (घ) फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र
    (ङ) आन्तरिक राजस्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

..............................
**मिति:** ......................... **निवेदकको दस्तखत**



CS Scanned with CamScanner